स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनयमा अब्बल कोटीका कलाकार हुन्, सौगात मल्ल। जुनसुकै भूमिकामा पनि प्राण भर्न सक्ने खुबी भएका उनले फिल्ममा आउनुअघि आरोहण गुरुकुलमा २० भन्दा बढी नाटक खेलेका थिए। त्यहीँ हुँदा उनले एउटा नाटक पनि निर्देशन गरे। उनले त्यो नाटक पेटभरि म:म खान पैसा पाइने लोभमा गरेका थिए। नभए त उनलाई निर्देशन भन्ने कुरा आफूबाट असम्भव छ भन्ने लाग्थ्यो।

**आजको विचार...**



नेपालमा... (दुई पेजमा)

कपिल लोहनी

नेपालको हिमाली क्षेत्रका पाटनमा बर्सातको समयमा फुल्ने मनमोहक फूल हो, बुकी। बागलुङ जिल्लाको ढोरपाटन र त्यस आसपासका गाउँमा मनाइने चाडबाड र धर्म, संस्कृतिसँग समेत विशेष सम्बन्ध गाँसिएको यो फूलको नाममा अब फिल्म बनेको छ। मोहन केसीको निर्देशनमा तयार भएको फिल्म 'बुकी' को शनिबार फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ। सन् २०२६ मा रिलिज लक्ष्य राखिएको फिल्ममा सुरक्षा पन्त, देबेन्द्र बब्लु लगायतको अभिनय रहेको छ।



❒ वर्ष ३१ ❒ अंक १९ ❒ २०८२ साउन १९ गते सोमबार 4 August 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### हवाई आक्रमणमा १३ को मृत्यु

(रासस/एएफपी)

**याङ्गुन,** साउन १८/यान्माको सेनाप्रति बफादार (जुन्टा) सरकारले विद्रोहीको कब्जामा रहेको रुबी खानी क्षेत्रमा गरेको हवाई आक्रमणमा परी १३ जनाको मृत्यु भएको एक स्थानीय बासिन्दा तथा सशस्त्र विपक्षी समूहका प्रवक्ताले बताएका छन् । सन् २०२१ मा सेनाले सत्ता कब्जा गरेयता म्यान्मालाई गृहयुद्धले तहसनहस पारेको छ । म्यानमाका प्रजातन्त्र समर्थक समूहहरूले लामो समयदेखि सक्रिय जातीय सशस्त्र समूहहरूसँग नागरिकका सार्वजनिक सरोकारका विषयमा ठाउठाउमा सहकार्य गरिरहेका छन् । रूबी व्यापारको केन्द्रसहित मोगोक शहरसहित धेरै क्षेत्रहरूमा सेनाको कारबाहीका `सुरुमा खासै प्रभाव नपारेपनि सन् २०२३ को अन्त्यमा सुरु भएको संयुक्त आक्रमणले मोगोकसहित धेरै क्षेत्रहरू कब्जा गर्न सफल भएको छ । म्यान्मार बहुमूल्य पत्थर र दुर्लभ खनिज तत्वहरूका लागि धनी मानिन्छ । आक्रमणमा परी सात जनाको घटनास्थलमा नै मृत्यु भएको र छ जना घाइतेको उपचारका क्रममा मृत्यु भएको बताए ।

# समस्यामा तानसेनका सामाजिक संघ संस्था

## सरकारी तवरबाट सहयोग र समन्वय गर्ने प्रजिअ सुवेदीको प्रतिवद्धता

**कृष्ण पोखरेल**

**पाल्पा,** साउन १८/तानसेनमा लामो समयदेखि सामाजिक र मानविय सेवामा काम गर्दै आएका सामाजिक संघ संस्थाहरु अहिले समस्याग्रस्त अवस्थामा रहेको पाइएको छ । पछिल्लो समयमा विभिन्न सहयोगी संस्थाबाट आउनु पर्ने सहयोग रकम नआएका कारण संस्थाहरु अफठ्रोमा परेका छन् । जिल्ला प्रशासन कार्यालय पाल्पाले प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीको नेतृत्वमा यहाँ सञ्चालित सामाजिक संघ संस्थाहरुको निरीक्षण गर्ने क्रममा संस्थाहरु आर्थिक अभावका कारण समस्याग्रस्त अवस्थामा रहेको भेटिएको हो ।

अनुगमन टोलीले तानसेन नगरपालिका -१ धुर्वघाटमा अभियान नेपालबाट सञ्चालित, बालगृहको अनुगमन गरेको छ । उक्त संस्थामा हाल २० जना बालबालिका रहेका छन् । जसमा १७ जना बालबालिकाहरु नियमिति रुपमा विद्यालय तथा कलेज क्याम्पसमा अध्ययन गर्दै आएका छन् भने ३ जना अपाङ्ग, सुस्त मनस्थिति भएका बालबालिका छन् । कार्यक्रममा



अभियान नेपालका सस्थापक अध्यक्ष दुर्गा पहाडी, कार्यवाहक अध्यक्ष डिलबहादुर ढुंङ्गानाले अभिभावक विहिन,सहाराविहिन बालबालिकाहरुलाई बालगृहमा राखी, अफठ्यारो परेको, दातृ निकायबाट सहयोग रोकिदा बालगृहमा काम गर्ने कर्मचारीहरुलाई समेत दुई/तिन महिनादेखी तलव दिन नसकेको, बालगृहमा रहेका बालबालिकाको कागजात, जन्मदर्ता तथा नागरिकता बनाउन समस्या भएको, कुनै बालबालिकाको ठेगाना हालसम्म पहिचान हुन नसकेकोले बालगृह सञ्चालन गर्न कठिनाई भएको अभियान नेपालका कार्यवाहक अध्यक्ष ढुंङ्गानाले बताए । अभियान नेपाल बालगृहमा हाल १३ जना छात्रा र ७ जना छात्र रहेका छन् । नियमित रुपमा स्वास्थ्य उपचार,खानपान बसोवास तथा शैक्षिक सेवा प्रदान गर्दै आएको बताए । राष्ट्रिय तथा अन्तराष्ट्रिस्तरबाट प्राप्त हुने विभिन्न कसिमका सहयोगहरु रोकिएकाले बालगृह सञ्चालन गर्न कठिन हुँदै गएको संस्थापक अध्यक्ष पहाडीले बताए । स्थानीय स्तरबाट सहयोग नपाएर बालगृह बन्द गर्नुपर्ने अवस्था आएको उनको भनाई छ । एकातर्फ आर्थिक संकट, अर्कोतर्फ बालगृहमा बसेर १६ बर्ष उमेर पुगेपछि पुर्नस्थापनाको विषयले संस्थालाई यस्तै टोलिले तानसेन नगरपालिका -१ भुसालडाडामा सञ्चालित निलसागर आश्रमको अवलोकन गरेको छ । निलसागर आश्रममा २० जना बृद्ध बृद्धा तथा मानसिक सुन्तलन गुमाएका व्यक्तिहरु रहेका छन् । आश्रमका संयोजक प्रकाश गंगोलले आश्रममा बस्नेहरु मानसिक रोगीहरु समेत भएकाले उनीहरुको नियमित स्वास्थ्य परिक्षणको लागि समस्या भएको बताए ।

*-बाँकी अन्तिम पेजमा...*




GYANENDRA AUTO, TANSEN, PALPA, 9847110382, 9847128147

# मोटरसाइकल मर्मत गर्ने प्राविधिकलाई सम्मान

**पाल्पा,** साउन १८/तानसेनमा मोटरसाइकल मर्मत गर्ने प्राविधिकहरुलाई सम्मान गरिएको छ । त्रिपुत्र इण्टरनेशनलद्वारा सञ्चालित होण्डा स्वरुम तानसेन पाल्पाले जिल्लाका विभिन्न ठाउँमा रहेका ग्यारेजमा काम गर्दै आएका ४० जना प्राविधिकलाई एक कार्यक्रमका बिच सम्मान गरेको हो ।

स्वरुमले प्राविधिकहरुलाई सम्मान गर्नुको साथै उनीहरुसँग अन्तर्क्रिया समेत गरेको छ । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी ऋृषिराम सुवेदीले सवारी दुर्घटना न्यूनीकरण गर्ने कार्यमा मोटरसाइकल मर्मत गर्ने प्राविधिकको महत्वपूर्ण भूमिका हुने बताए । होण्डा स्वरुम पाल्पाले गरेको प्राविधिक लक्षित यो कार्यक्रम प्रशंसनीय रहेको उनको भनाई छ । विशिष्ट अतिथि जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक पवन कुमार भट्टराईले मोटरसाइकल



मर्मत गर्ने प्राविधिक सचेत भएमा धेरै अपराधिक घटना रोकिने बताए । मर्मत गर्न आएका चालकको घटना बारे यथार्थ बुझेर मर्मत गर्न उनले प्राविधिकहरुलाई सुझाव दिए । घटना घटाएर आएका मोटरसाइकल चालकको विवरण बारे प्रहरीलाई सूचना दिएर सहयोग गर्न समेत एसपी भट्टराईले आग्रह गरे । जिल्ला ट्राफिक कार्यालयका प्रमुख प्रहरी वरिष्ठ नायब निरीक्षक प्रवीण आचार्यले दुर्घटना वा चोरी गरेर आएका मोटरसाइकलको पहिचान गरेर मात्र मर्मत गर्नुपर्ने बताए । दुर्घटना न्यूनीकरण कार्यमा सहयोग गर्न उनले प्राविधिकहरुलाई आग्रह गरे । स्वरुमका सञ्चालक यज्ञ प्रसाद अर्यालले सामाजिक उत्तरदायित्व अन्तर्गत यो कार्यक्रम गरेको बताए । संस्थाले व्यवसायसँगै सामाजिक काम गर्दै आएको उनको भनाई छ । श्रमको सम्मान गर्ने र कामप्रति प्रोत्साहित गर्न प्राविधिकलाई सम्मान गरिएको पनि अर्यालले बताए । सञ्चालक अर्यालको अध्यक्षता, पत्रकार मिलन विश्वकर्माको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## धान-चामल आयात र हाम्रो नियति

सरकारले कृषि उत्पादन बढाएर आयात प्रतिस्थापन गर्ने नीति लिए पनि अघिल्लो आर्थिक वर्षको ११ महिनामा झण्डै ३९ अर्ब रुपैयाँ बराबरको धान-चामल आयात भएको छ । हरेक वर्ष सरकारले धान उत्पादन बढाउने र आत्मनिर्भर बन्ने लक्ष्य राखेको हुन्छ । तर लक्ष्यअनुसार उत्पादन नहुँदा अर्बौंको धान, चामल आयात गर्नुपरेको हो । गत वर्ष असारमा २१ अर्ब १३ करोड ७ लाख रुपैयाँको चामल आएको थियो । यो वर्ष गत वर्षभन्दा १७ अर्ब ८१ करोड २१ लाख धेरैको चामल आयो । यो वर्ष चामल आयात रकमका आधारमा मात्र होइन, परिमाणमा पनि निकै बढेको छ । गत वर्ष जेठसम्ममा ३ लाख ९० हजार २ सय ८ टन धान-चामल आएको थियो । यो वर्ष झण्डै दोब्बर ७ लाख ५३ हजार ३ सय ५ टन आयात भएको छ । यो गत वर्षको तुलनामा ३ लाख ६३ हजार ९७ टनले धेरै हो । अहिले पनि मुलुकमा आवश्यकभन्दा करिब ६ लाख टन चामल अपुग छ । देश कृषिप्रधान हो । यहाँका अधिकांश जनता कृषिमा नै निर्भर छन् । वर्षभर कृषिमा लागे पनि अन्यमा भोक टार्न चामल किन्नुपर्ने बाध्यता छ । यसले कृषिप्रधान मुलुक भन्दा पनि लाज मान्नुपर्ने अवस्था छ । किसानलाई उन्नत जातको धानको बिउ, आवश्यक परेका बेला रासायनिक मल, सिँचाइ सुविधा, धान रोप्न मेसिन औजार आदिको व्यवस्था गर्न नसक्दा उत्पादन वृद्धि हुन नसकेको हो । धानको उत्पादन र उत्पादकत्व घट्दा र उपभोग बढ्दा नेपालले चामलमा विदेशको भर पर्नुपरेको हो ।

सरकारले व्यावसायिक कृषिका लागि खासै प्रोत्साहन गर्न सकेको छैन । एकातिर किसानलाई अनुदानलगायतका सहयोग यथेष्ठ छैनन् । अर्कातिर, किसान आफैँले जोखिम मोलेर उत्पादन गरेको उपजलाई न्यूनतम मूल्य दिलाउने वातावरण सरकारले बनाउन सकेको छैन । किसान र उपभोक्ताका बीचमा आधा दर्जनजति बिचौलियाको लेयर रहेको छ । यसले न त दुःख गर्ने किसानले कृषि उपजको मूल्य पाएका छन्, न उपभोक्ताले नै सस्तोमा कृषि उपज खरिद गर्न सकेका छन् । नाफाजति सबै बिचौलियाको हातमा पुगेको छ । जसले गर्दा कृषिप्रति कसैको पनि आकर्षण बढ्न सकेको छैन । जब सम्म किसानलाई व्यवसायिक कृषिप्रति आर्कषित गर्न सकिदै तब सम्म मुलुकले धान-चामल आयात गरिरहनुपर्छ । यसर्थ अब सरकारले किसानलाई व्यवसायिक कृषितर्फ आकर्षण गरी धान- चामल आयात रोक्नेतर्फ ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

एक पलमै जिन्दगी टुङ्गिएको थाहा हुँदैन
मान्छेहरू भोलिको लागि संघर्ष गर्छन् छि ।
*(सुमन सुनारको फेसबुक स्टाटसबाट www.facebook.com/Suman.Sunar)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा उर्जाको विकास र सम्भाव्यता



**कपिल लोहनी**

निकै पहिले पत्ता लागिसकेका केही कोइला खानी र राजधानीमा खासगरी सानेपा क्षेत्रमा पत्ता लागेका ग्यास भण्डारहरूको विकास गरेर उर्जाको गर्जो टार्ने काम न त त्यतिबेला न हालसम्म पनि हुनसकेको छ । प्रधानमन्त्री ओलीले बेला बेलामा घर घरमा पाइपलाइनबाट ग्यास पुर्‍याउने कुरा गर्दासमेत विश्वास नगरेर जनता हाँसेका यस्तै भएर होला । पाकिस्तानमा सुइ भन्ने ठाउँमा निस्किएको मिथेन ग्यासको ठूलो भण्डारलाई उनीहरूले आजभन्दा पाँच दशकअघि नै पाइप लाइन मार्फत घरघरमा पुर्‍याएका छन् भने त्यसैको फलस्वरुप पाकिस्तानमा वनजंगल पनि निकै बढेको छ । अब बल्ल चीन सरकारको सहयोगमा दैलेख जिल्लामा भएको अन्वेशषणबाट त्यहाँ १.१२ अर्ब घन मिटर मिथेन ग्यासको भण्डार रहेको कुरा पत्ता लागेकोले केही आशा जगाएको छ । तर त्यहाँबाट ग्यास उत्पादन भएर ५० वर्षसम्मको आवश्यकता पुरा हुने गरी घर घरमा सिलिन्डर वा पाइप लाइनबाट पुग्ने भनिएता पनि त्यो कुरा कहिलेबाट कार्यान्वयन हुने हो वा त्यसले साकार रूप लिन्छ कि लिँदैन भन्ने कुरा पनि रहस्यको गर्भभित्रै छ । हाय राजनीति र भ्रष्टतन्त्र । नेपालका दाङ, सल्यान, प्यूठान, रोल्पा, पाल्पा आदि पश्चिमी क्षेत्रमा अलिक कमसल कोटीको कोइलाको खानी रहेको कुरो पुष्टि भइसकेको र त्यहाँ निकै पुरातन र कुटिर रूपमा गाउँले उद्यमीहरूले नगण्य मात्रामा उत्खनन गर्ने गरेको पाइएको छ । यी खानीहरूबाट ५० लाख टनसम्म कोइला निकाल्न सकिने सम्भावना भएको कुरा पनि खानी विभाग तथा अन्य निकायका प्रतिवेदनहरूबाट थाहा लाग्छ । तर यसको सही सदुपयोग गरेर सिमेन्ट, इँट्टाभट्टा, फलाम सम्बन्धी उद्यम तथा अन्य विभिन्न व्यवसायहरूको उपभोगको निम्ति प्रवर्द्धन गर्ने कार्यमा कतैबाट पनि तदारुकता देखाइएको देखिँदैन । बरू कोइलाको आयात गरेरै काम चलाउने र परनिर्भर हुने कुरालाई प्रोत्साहित गरेको भेटिन्छ ।

भारतले नेपालमा गरेका सबै प्रत्यक्ष वा अप्रत्यक्ष नाकाबन्दीमा नेपालमा पेट्रोलियम पदार्थको आपुर्ति ठप्पै हुने गरेकोले त्यस्तो बेला नेपाल आदिम युगमा नै फर्केर खाना पकाउन तथा अन्य घरायसी प्रयोजनको निम्ति दाउरा, भुस, गोल र गुइँठामा भर पर्न पुग्दछ । इन्धनको नाकाबन्दी हुने वित्तिकै अत्यावश्यक सामान र यात्रु ढुवानीमा पनि नकारात्मक प्रभाव पर्न जान्छ । नाकाबन्दी गर्नेहरूलाई नेपालका जनताको यो हविगत देख्दा कति आनन्दको अनुभूति हुँदो हो । छिमेकी देशको सरकारसँगको रिसको झोँकमा त्यहाँका निरिह जनता माथि यस्तो परपिडक व्यवहार गरेर खुशी हुनेहरूको मनमा साँच्चैको पश्चात्ताप वोध पनि त हुँदो होला । विदेशी सरकार र प्रशासकलाई नभए पनि त्यहाँका जनतालाई भने पक्कै पनि आफ्नो सरकारको यस्तो गलत काम त्यति पच्दैन नै होला । तर विडम्बना, हाम्रा सरकारमा बस्नेहरू तथा मुलुक हाँक्ने नेताहरूले भने भविश्यमा भइ राख्न सक्ने यस्तै नाकाबन्दी रूपी विदेशी अस्त्रलाई नाकाम बनाउन मुलुकलाई उर्जा तथा अत्यावश्यक वस्तुको उत्पादनमा आत्मनिर्भर बनाउने र यहाँको कृषि र उद्यमलाई बढावा दिने कुनै सोच नै राख्दैनन् । जनताको सुख र समृद्धिमा कुनै ध्यान नदिई आफ्नै सत्ता टिकाउन तल्लिन हुने परिपाटीले मुलुकलाई उँभो लाग्न कसरी देओस् । विकासको नाममा वनजंगल मास्ने र एक रुखको सट्टा पच्चिस वटा रोप्ने कुराको कार्यान्वयन आजसम्म कुनै पनि निकायले गरेको भेटिएको छैन । यसरी मासिएको वनको ठाउँमा नयाँ बिरुवा रोपेर वन क्षेत्र बढाउने नाममा स्थापित एक सरकारी संस्थामा तीन अर्ब रुपैयाँको कोष बनेको तर त्यो निष्कृय भएर रहेको तथा त्यसमा धेरैको आँखा लागेको कुरा पनि सुन्नमा आएको छ । त्यसैले विकासको नाममा वन फँडानी गर्ने परिपाटीलाई बन्द गरेर इन्धनको रूपमा दाउराको सट्टा अन्य विकल्पमा नै जोड दिनु पर्ने हुन्छ । गाउँघरको निम्ति इन्धनको सबैभन्दा उत्तम उपाय भनेकै साना जलविद्युत र अन्य वैकल्पिक उर्जाका साधन जस्तै वायोग्यास, सौर्य उर्जा आदिको विकास हो । यसो भन्दैमा वनको सदुपयोग नै गर्न नहुने भने होइन । वन विनास नहुने गरी वनलाई सही मानेमा व्यवस्थापन र सदुपयोग गरेर यसबाट प्राप्त हुने वन पैदावारहरू जस्तै जडिबुटी, काठ, दाउरा, जीवजन्तु तथा वनस्पतिलाई सन्तुलित तवरले उपभोग गर्दा मुलुकको समृद्धिमा निकै टेवा पुग्न जान्छ । तर तस्करी, भ्रष्टाचार र अनियमितता र ढिलासुस्तीले गर्दा राम्रो गर्नको लागि बनेका नियमले झनै नराम्रो काममा प्रोत्साहन मिल्न जाने काम भने हुनु हुँदैन । हाल धेरै सामुदायिक वनहरूमा यस्तै समस्या देखिएका छन् र अपराधी मनस्थितिका मानिसलाई राजनीतिक संरक्षण मिल्ने गरेको छ । व्यावसायिक हवाई यातायातको शुरुवात नेपालमा वि.सं. २००८ सालदेखि भएको हो । त्यो भन्दा केही वर्ष पहिलेदेखि एकाध पटक भारतीय सरकारी तथा निजी चार्टर्ड सेवाका विमानले काठमाडौंको गौचर विमानस्थलमा अवतरण र यहाँबाट उडान गरेका थिए । राजा त्रिभुवनले सपरिवार २००७ सालमा राणाशासनको विरोधमा भारतीय राजदूतावासमा शरण लिए पछि भारतीय वायुसेवाका दुई डकोटा विमान मार्फत उनी सपरिवार भारत गएका थिए । पछि भारत कै सहयोगमा गौचर विमानस्थलको स्तरोन्नती गरियो भने यसको नाम त्रिभुवन विमानस्थल राखियो। भारत कै सहयोगमा यसको लगत्तै विराटनगर, जनकपुर, पोखरा र भैरहवाजस्ता शहरोन्मुख वस्तीमा पनि विमानस्थलहरूको निर्माण भयो र शुरुमा भारतीय विमानहरूबाटै सेवा शुरु गरियो । २०१५ सालतिर शाही नेपाल वायुसेवा निगमको स्थापना भयो र यसले देशविदेशसँग काठमाडौंलाई जोड्यो। योसँगै त्रिभुवन विमानस्थलको स्तरोन्नती अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा भए पछि विभिन्न मुलुकका वायुसेवाहरू पनि नेपालमा यात्रु र सामान बोकेर आवत जावत गर्न थाले । एशियाली विकास बैंकको ऋणमा २०४० को पुवार्द्धमा यो विमानस्थलको आधुनिकीकरण र स्तरोन्नती भए पछि यो विमानस्थल झनै व्यस्त हुन थाल्यो । यसको स्थरोन्नतीको काम हाल पनि एशियाली विकास बैंकको ऋणमा नै भइरहेको छ । २०४० सालको मध्यतिर विश्वव्यापी रूपमा खुला अर्थतन्त्रको लहर आउन थाले पछि नेपालमा पनि त्यसको प्रभाव परेर हवाई यातायातको क्षेत्रमा निजी वायुसेवा सञ्चालन गर्ने कानुन बन्यो । फलस्वरुप नेपालमा त्यसपछि दर्जनौं विमान सेवाहरूको स्थापना भयो । यसरी स्थलमार्ग मात्र नभइ हवाई मार्गबाट पनि मुलुकका विभिन्न स्थानमा र विदेशमा चल्ने वायुयानहरूको ताँती नै लाग्न थाल्यो । आज नेपालमा अधिकांश निजी विमानसेवाहरू व्यवस्थापकीय कुशलताले गर्दा मुनाफामा चलिरहेका छन् भने राज्यद्वारा सञ्चालित र पालनपोषण भइरहेको नेपाल वायुसेवा निगम भने धराशायी हुने बाटोतर्फ लम्किरहेको छ । दक्षिण एशियाका अधिकांश मुलुकमा जस्तै नेपालको राष्ट्रिय ध्वजावाहक वायुसेवा भ्रष्टाचार गर्ने र लुट मच्चाउने थलो बन्न पुगेको छ । सरकारी वायुसेवामा हुने अनियमितता र भ्रष्टाचारलाई प्रमाणित गर्न पनि अति मुस्किल हुने र यो संस्था आमजनताको हितको निम्ति खोलिएकोले जस्तोसुकै स्थितिमा पनि जोगाएर राखिरहनु पर्ने कुतर्कको कारण यसमा हुने अनियमितता र यसलाई राजनीतिक भर्ती केन्द्र र भागवण्डाको प्रमुख स्थल बनाउँदा जनताले जति नै विरोध गरे पनि यो संस्थालाई सप्रन दिँदैनन्, बरु सुधार र विस्तारको नाममा अर्बौं रुपैयाँ बालुवामा पानी हाले सरी हालिरहन्छन् । आज आएर नेपालमा हवाई यातायातले महत्वपूर्ण स्थान ओगटेकोले हवाई इन्धनको खपत पनि निकै बढेको छ । नेपालमा पेट्रोलियम पदार्थको उत्पादन तथा प्रशोधन नहुने भएकोले हवाई इन्धन पनि भारत वा विदेशबाट आयात गर्नु पर्ने अवस्था छ र यो सेवालाई निरन्तर रूपमा चलाइ रहन इन्धनको यथेष्ट स्टक पनि राखिरहनु पर्दछ । हवाई इन्धनको माग बढिरहेको भए पनि नेपाल एक भूपरिवेष्ठित मुलुक भएको हिसाबले र अर्को तर्फ नेपालका विकट भागहरूमा अत्यावश्यक सामान र यात्रुहरू ओसार्न अन्य विकल्प नभइसकेकोले हवाई यातायातको ठूलो भूमिका रहन्छ । दैविप्रकोपको बेलामा हवाई यातायातको महत्व झनै बढी हुन्छ । नेपाली सेनाले कुनै मुलुकसँग पनि लडाईं गर्न नपर्ने भए पनि शान्ति सेनाको रूपमा संयुक्त राष्ट्र संघसँग आवद्ध भएर विश्वका विभिन्न ठाउँमा शान्ति स्थापनार्थ खटिने, आन्तरिक सुरक्षा, दैवीप्रकोप र विकास-निर्माण कार्यमा लाग्नु पर्ने भएकोले यथेष्ट संख्यामा चुस्त र स्फुर्त सेनाको जरूरत सधैँ परिरहन्छ । अन्तर्राष्ट्रिय मान्यता अनुसार पनि कुनै पनि देशमा सुरक्षा बलको संख्या कुल जनसंख्याको करिव दुई प्रतिशत हुनु पर्दछ । तर नेपालको कुरा गर्दा यहाँको सेना, सशस्त्र प्रहरी र जनपद प्रहरीको संख्यालाई मिलाउँदा पनि मापदण्ड अनुसारको संख्या पुगेको छैन । नेपाल जस्तो गरीव मुलुकले यस्तो धेरै संख्यामा सुरक्षा बललाई पाल्न सक्दैन भनेर भन्नेहरू पनि छन् तर खासगरी दैवीप्रकोपको बेलामा तिनै सुरक्षा दस्ता वाहेक कोही पनि प्रभावित क्षेत्रमा जनता र सम्पति बचाउन जाँदैनन् । सबै दलका कार्यकर्ताको संख्या जोड्दा झण्डै ५० लाख भन्दा बढी नै छ होला तर तिनीहरूलाई विकास कार्य वा दैवीप्रकोप जस्ता कुराको व्यवस्थापन गर्न कुनै दलले पनि लगाएको देखिँदैन । बरू विश्वविद्यालय र अन्य शिक्षण र स्वास्थ्य संस्थामा ताल्चा मार्न र चन्दा असुल्न तथा हडताल र तोडफोड गर्नमा धेरै कार्यकर्तालाई प्रयोग गरिन्छ । पेट्रोलियम पदार्थ विक्री गने पम्पहरूमा पनि बेला बेलामा राजनीतिक र गैरराजनीतिक घुसपैठ भएर पम्प बन्द गरिदिने परिस्थिति आइरहने भएकोले सरकारले सबै सुरक्षा निकायहरूलाई मुलुकभर पेट्रोल पम्प सञ्चालन गर्न निर्देशन दिएको छ । हाल नेपालमा ३,५०० मेगावाट विद्युत उत्पादन हुन थालेकोमा यसमा सौर्य उर्जाको हिस्सा पनि बढ्दै गएको छ । तर उत्पादित विद्युतलाई देशभित्र र बाहिर ढुवानी गर्ने प्रसारण लाइनको निर्माण भने निकै मन्द गतिमा भइरहेको छ । सरकारले बढ्दो विद्युत उत्पादनको यो अवस्थामा पनि यसको आन्तरिक खपत बढाउने तर्फ कुनै ठोस काम गरेको देखिँदैन । बरू अब लोडसेडिङ हुन्छ भन्दै जनतालाई तर्साउने काम उर्जा मन्त्रीले गरिरहेका छन् । १८ घण्टाको लोडसेडिङलाई घटाउँदै पुरै निर्मुल पार्न सफल प्रशासकलाई भने पदबाट मुक्त गरिएको छ ।

केही वर्ष अघि एक जना अर्थमन्त्रीले विद्युतीय सवारी साधनको आयातमा नकारात्मक असर पर्ने गरी भन्सार र अन्य कर निर्धारण गरेका थिए । तर जनताको विरोधको सामु उनको केही लागेन । आज आएर नेपालमा आयात हुने कुल निजी तथा सार्वजनिक यातायातका साधनमा झण्डै ८५ प्रतिशत विद्युतीय सवारी साधनहरू छन् । अब यस्तो कुरा पुनः नदोहोरियोस् भन्ने कामना मात्र गर्न सक्छन् नेपाली जनताले तर हरेक दिन केही न केही अनियमितता र भ्रष्ट आचरणका कामहरू खुलेआम भई नै रहेको समाचारले यो नेपालमा अनियमितता नहुने र हात हालेका आयोजनाहरू ठीक समयमा सम्पन्न हुने कुरालाई विश्वास गर्न सकिने कुनै आधारै छैन । राष्ट्रिय गौरवका आयोजना भनेर किटिएका आयोजनाहरू मध्ये कतिपयको शुरुवात नै भएको छैन भने धेरै आयोजनाहरूको निर्माणमा चरम लापरवाही र ढिलासुस्तीले गर्दा म्याद थपिएको थपियै छ । यसो हुँदा आयोजनाको लागतले पनि आकाश छुन थालेको छ । कतिपय उर्जासँग सम्बन्धित आयोजनाहरूको हालत यस्तै छ । विद्युत आयोजना तथा प्रसारण लाइनको निर्माणलाई सँगसँगै लग्न सकिएन भने उत्पादित विद्युत पनि निकै समयसम्म खेर जान सक्ने हुन्छ ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कुरा सिक्ने मौका मिल्नेछ। पराक्रमले आँटेको कार्यमा सफलता मिल्नेछ। | **तुला** : दिगो कार्य प्रारम्भ हुनेछ। पहिलाका रोकिएका कार्यहरू बन्नेछन्। |
| **वृष** : सोचेजस्तो सहयोग नमिल्ला।कार्यक्षेत्रमा अरुको विश्वासमा कार्य नछोड्नुहोस्। | **वृश्चिक** : मानसम्मान आर्जन गर्न सकिनेछ। वैदेशिक रोजगारमा सफलता मिल्नेछ। । |
| **मिथुन** : व्यापारमा लाभ रहनेछ। घरपरिवारमा पुरानो कुरा लिएर मनमुटाव रहनेछ। | **धनु** : व्यवसायमा सफलता मिल्नेछ। नँया अनुबन्धहरू लाभदायी रहनेछन्। |
| **कर्कट** : सोचेजस्तो उपलब्धि प्राप्त नहोला। आहारविहारमा सजग रहनुहोस्। | **मकर** : योजनाहरूमा लगानी लगाउनु पर्ला। आलस्यलाई हावी हुन नदिनुहोस्। |
| **सिंह** : जटिल कार्य पनि सम्पादन गर्न सकिनेछ। नयाँ कार्यतर्फ आकर्षित भइनेछ। | **कुम्भ** :स्तरमा हजुरको लोकप्रियता बढ्नेछ। विद्यार्थीवर्गको अध्ययनमा समय बित्नेछ। |
| **कन्या** : मनोबल कमजोर पार्न सकिनेछ। कला वा साहित्यको क्षेत्रमा सफलता मिल्नेछ। | **मीन** : मन उत्साहले परिपूर्ण रहनेछ। व्यापार व्यवसायमा आर्थिक लाभ हुनेछ। |

शिक्षा

# सरकारी कर्मचारीका छोराछोरी सरकारी विद्यालयमा अध्ययन गर्दैनन्




झापा कमल गाउँपालिकाले आफ्ना पालिकाका जनप्रतिनिधि, सामुदायिक शिक्षक र सरकारी कर्मचारीहरुले छोराछोरी कहाँ पढाउँछन् भन्ने विवरण सार्वजनिक गरेको छ । 'सरोकारवालाहरुको जानकारीका लागि' भन्दै पालिकाले सूचनामार्फत सार्वजनिक गरेको विवरण अनुसार आधाभन्दा धेरै जनप्रतिनिधि, सामुदायिक शिक्षक र सरकारी कर्मचारीका छोराछोरी सरकारी विद्यालयमा अध्ययन गर्दैनन् । सार्वजनिक गरिएको विवरणलाई पालिकाका अध्यक्ष हुकुमसिंह राईले प्रमाणित गरेका छन् । पालिकाले सार्वजनिक गरेका ४१४ जना जनप्रतिनिधि, सामुदायिक शिक्षक र सरकारी कर्मचारीहरुमध्ये ६७ जनाले मात्र सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढाएका छन् । निजी विद्यालयमा छोराछोरी पढाउनेहरु ९९ जना रहेका छन् । बाँकी २४८ जनामध्ये अधिकांशले आफ्ना छोराछोरीले विद्यालय तहको शिक्षा पूरा गरिसकेको विवरण पालिकालाई उपलब्ध गराएका छन् । केहीले अविवाहित रहेको समेत जनाएका छन् भने केहीको छोराछोरी विदेशमा पढिरहेको समेत उल्लेख छ ।

पालिकाले सामुदायिक विद्यालयका २५७ जना शिक्षक, ३९ जना जनप्रतिनिधि र ११८ जना कर्मचारीको छोराछोरीको नाम, कक्षा र उनीहरु पढ्ने विद्यालयको नाम सार्वजनिक गरेको हो । पालिकाका अध्यक्ष हुकुमसिंह राई र उपाध्यक्ष प्रमिला न्यौपानेका छोराछोरीले विद्यालय तहको शिक्षा पूरा गरिसकेको जनाइएको छ । विद्यालय तहमा पढाउँदा कुन विद्यालयमा पढेका थिए भन्ने चाहिँ उल्लेख छैन । प्रमुख प्रशासकीय अधिकृत केशवकुमार ढकालका दुई छोराछोरीमध्ये एउटी छोरी लिलीपुट प्रिमियर स्कुल (निजी विद्यालय) को कक्षा ३ मा अध्ययनरत् रहेको जनाइएको छ । वडा नं. २ का वडा सदस्य भीमबहादुर कार्की, कार्यपालिका सदस्य ज्ञानबहादुर नेपाली लगायतका जनप्रतिनिधिले आफ्ना छोराछोरी आफ्नै वडाको सामुदायिक विद्यालयमा पढाउने गरेको उल्लेख छ । कार्कीका छोरा सन्दिपसिंह कार्की महेन्द्ररत्न माविमा र नेपालीका दुई छोराछोरी नरेन्द्र जनता माविमा अध्ययनरत् छन् । वडा नं. १ का वडा सदस्य चैतन्यप्रसाद चम्लागाईंले ज्ञानज्योति बोर्डिङ गौरादह र वडा नं. ७ की वडा सदस्य हिमादेवी नेपालीले स्मारिका बोर्डिङ स्कुलमा आफ्ना छोराछोरी पढाउने गरेको विवरण सार्वजनिक भएको छ । पालिकाकी लेखा अधिकृत सृजना राईले आफ्ना दुवै जना छोराछोरीलाई सामुदायिक विद्यालयमा अध्ययन गराएका छैनन् । उनका छोराछोरी ज्ञानोदय बालवाटिका विद्यालय र सूर्योदय इङ्लिश स्कुलमा अध्ययनरत् छन् । पालिकाको वि.सं. २०८० वैशाख १९ गते बसेको कार्यपालिका बैठकले जनप्रतिनिधि, सामुदायिक शिक्षक र सरकारी कर्मचारीले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमै अध्ययन गराउनु पर्ने निर्णय गरेको पालिकाका प्रमुख हुकुमसिंह राईले बताए । सोही निर्णयलाई आधार मानेर पालिकाले छोराछोरी पढ्ने विवरण संकलन गरेको थियो । शिक्षा ऐनले जनप्रतिनिधि, सामुदायिकका शिक्षक र सरकारी कर्मचारीले सामुदायिक विद्यालयमा छोराछोरी पढाउनै पर्ने बाध्यात्मक व्यवस्था गरेको छैन । तथापि पालिकाको सामुदायिक विद्यालयप्रति जनआकर्षण बढाउन कार्यपालिकाले निर्णय गरेको पालिकाको सूचनामा उल्लेख छ । सामुदायिक विद्यालयका शिक्षकहरु नै निजी विद्यालयमा आफ्ना छोराछोरी पढाउन लैजान्छन् भन्ने गुनासो आइरहेका बेला कमल गाउँपालिकाको निर्णयलाई सर्वसाधारणले भने सकारात्मक रुपमा लिएको पाइएको छ । पालिकाका २५७ जना शिक्षकमध्ये ५७ जनाले मात्र सामुदायिक विद्यालयमा र ५३ जनाले निजी विद्यालयमा आफ्ना छोराछोरी पढाउने गरेको पालिकाले जारी गरेको सूचनामा उल्लेख छ । वडा नं. ७ स्थित सरस्वती माध्यमिक विद्यालयका शिक्षक रामकुमार सुब्बाले आफ्ना दुई जना छोराछोरीलाई आफुले पढाउने विद्यालयमै पढाउने गरेको जनाइएको छ । उनका छोराछोरी कक्षा ४ र ६ मा पढ्छन् । सहिद धर्मभक्त माध्यमिक विद्यालयका शिक्षक प्रभाखर काफ्लेका दुबै छोराछोरी निजी विद्यालयमा पढ्ने गरेका छन् । दमकको सिंहदेवी बोर्डिङ स्कुल दमक र सनसाइन बोर्डिङ स्कुल कमलमा उहाँका छोराछोरी अध्ययन गर्दै आएको पालिकाको सूचनामा उल्लेख छ । पालिकाका ३९ जनप्रतिनिधिमध्ये चार जनाले, कर्मचारी ११८ जनामध्ये छ जनाले मात्र सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढाउने गरेको जनाइएको छ ।

*-रातोपाटी डटकम*

# शिक्षा ऐनप्रति निजी विद्यालयहरूको चासो, सुधारको माग




सरकारले ल्याउन लागेको नयाँ विद्यालय शिक्षा ऐनप्रति निजी विद्यालयहरूको सङ्गठन नेसनल प्याब्सनले गम्भीर चासो व्यक्त गरेको छ । सङ्गठनले ऐनमा निजी क्षेत्रका योगदान र अधिकारलाई बेवास्ता गरिएको भन्दै तत्काल सुधार गर्नुपर्ने माग राखेको छ । काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा नेसनल प्याब्सनका प्रतिनिधिहरूले शिक्षा ऐन समय सापेक्ष, व्यावहारिक र सबैको सहभागितामा आधारित हुनुपर्नेमा जोड दिएका थिए । उनीहरूले नयाँ ऐनले निजी विद्यालयहरूलाई विभेद गर्ने अवस्था आउने खतरा औंल्याउँदै संविधानमा उल्लेख भएको पेसा, रोजगार, व्यवसाय गर्ने अधिकारको संरक्षण गरिनुपर्ने बताए ।

नेसनल प्याब्सनका अनुसार नेपालमा करिब ३४ प्रतिशत विद्यालय निजी क्षेत्रबाट सञ्चालित छन्। ती विद्यालयहरूमा ८ खर्बभन्दा बढीको लगानी छ भने २ लाखभन्दा बढी शिक्षक तथा कर्मचारी कार्यरत छन्। तीमध्ये झन्डै ५५ प्रतिशत महिला छन्। त्यस्तै, निजी विद्यालयहरूमा ३० लाखभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । संगठनका अनुसार यस्तो ठुलो सङ्ख्यामा जनशक्ति र लगानी संलग्न भएका संस्थाहरूलाई बेवास्ता गर्नु राज्यका लागि पनि घाटाको विषय हुनेछ। यसैले उनीहरूले शिक्षा ऐन निर्माणका क्रममा निजी क्षेत्रसँग समन्वय र परामर्श गरेर ऐन पारित गर्न सरकार र सरोकारवाला निकायहरूलाई आग्रह गरेका छन् । नेसनल प्याब्सनले शिक्षा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको स्मरण गराउँदै 'सुखी नेपाली, समृद्ध नेपाल' को सपना पूरा गर्न सार्वजनिक र निजी दुवै क्षेत्रको सहकार्य आवश्यक भएको स्पष्ट पारेको छ ।

*-रातोपाटी डटकम*

# विद्यार्थीले बाँझो पाखोबारीमा गरे तरकारी खेती



म्याग्दीको धवलागिरि गाउँपालिका-७ शिवाङस्थित हेम नमूना आवासीय माविका विद्यार्थीहरूले बाँझिएको पाखोबारीलाई हराभरा बनाउँदै उदाहरणीय तरकारी खेती गरेका छन्। झिनडाँडास्थित छात्रावास भवन परिसरमा रहेको विद्यालय र व्यक्तिको करिब ६ रोपनी पाखोबारीको झाडी फाँडेर उनीहरूले खनजोत गरी विभिन्न प्रकारका तरकारी लगाएका हुन् । विद्यालयका शिक्षक गिरिप्रसाद छन्त्यालले विद्यार्थीहरूलाई तरकारी खेतीसम्बन्धी व्यावहारिक र व्यावसायिक ज्ञान, सीप सिकाउने, छात्रावासमा आवश्यक पर्ने तरकारी आफैं उत्पादन गर्ने र फुर्सदको समयको सदुपयोगका लागि यो खेती गरिएको जानकारी दिएका छन् । उनले 'धवलागिरिको इच्छा, गरिखाने शिक्षा' कार्यक्रमअन्तर्गत गाउँपालिकाको सहयोगमा छात्रावासमा बस्ने विद्यार्थीहरूले साँझ बिहान श्रमदान गरेर पाखोबारीको झाडी फाँडेको बताएका छन् । "विद्यार्थीले पढ्दै कमाउने सीप सिक्ने, बाँझो जग्गा र फुर्सदको समय सदुपयोग हुने, छात्राबासमा आवश्यक तरकारी किन्नु नपर्ने र खर्च बचत हुने भएकाले यो कार्यक्रम प्रभावकारी भएको छ,"शिक्षक छन्त्यालले भने । विद्यार्थीहरूले बिरुवा उत्पादनका लागि दुईवटा टनेल बनाएका छन् । पाखोबारीमा सिमी, बोडी, फर्सी, काँक्रो, चरेला, पिँडालु, करेला, फापर, रायोसाग, धनिया, बन्दा, काउली लगायतका प्रजातिका तरकारी लगाएका छन्। करेसाबारीमा लोपोन्मुख तेलहन 'फिलिङ्गो' पनि रोपिएको छ । कुल ६ रोपनी जग्गामध्ये ४ रोपनी विद्यालयको हो भने २ रोपनी वार्षिक ५ हजार रुपैयाँ तिर्ने गरी भाडामा लिइएको छ । विद्यालय समयपछि साँझ १ देखि २ घण्टा करेसाबारीमा बिताउँदा विद्यार्थीहरूले जीवनोपयोगी र व्यावसायिक सीप सिक्नुका साथै 'रिफ्रेस' महसुस गरेको प्रधानाध्यापक शेरबहादुर केसीले बताएका छन् । गण्डकी प्रदेश सरकार र धवलागिरि गाउँपालिकाको सहयोगमा सञ्चालित छात्रावासमा ५० जना विद्यार्थी बस्छन् । प्रअ केसीले छात्रावासका विद्यार्थीका लागि आवश्यक तरकारी करेसाबारीबाटै आपूर्ति गर्ने, बढी भएको तरकारी बेच्ने र भविष्यमा कुखुरा, बाखा र खरायोपालन गर्ने योजना रहेको बताए । करेसाबारी स्थापना गर्न धवलागिरि गाउँपालिकाले चालु आर्थिक वर्षमा १ लाख ५० हजार रुपैयाँ सहयोग गरेको छ । गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले विद्यार्थीलाई पढ्दै कमाउने सीप सिकाउने उद्देश्यले हेम नमूना र मुनाको धवलागिरि माध्यमिक विद्यालयमा "धवलागिरिको इच्छा, गरिखाने शिक्षा" कार्यक्रम सञ्चालन गरेको बताए । गत वर्ष ३ लाख रुपैयाँ बजेट विनियोजन भएको यो कार्यक्रम प्रभावकारी बनेकाले आगामी वर्षलाई पनि निरन्तरता दिएको उनले जानकारी दिएका छन् ।

*-अनलाइन खबर डटकम*

# रित्ता कक्षाकोठा रुँगेर बस्दै गाउँका शिक्षकहरू



विद्यार्थी नभएपछि बेनी नगरपालिका-५ माथिल्लो गाजनेको जगन्नाथ आधारभूत र वडा नं १० को ओखले आधारभूत विद्यालय शैक्षिक सत्र २०८२ देखि बन्द भए । शैक्षिक सत्र २०८० मा एक सय दुई र २०८१ मा ७२ जना विद्यार्थी रहेको विसं २०१५ मा स्थापना भएको भानु माविमा पछिल्लो केही वर्षयता विद्यार्थी सङ्ख्या निरन्तर घट्दो छ । कक्षा १२ सम्मको पठनपाठन हुने बेनी नगरपालिका-१ रत्नेचौरको भानु माविमा कक्षा ११ र बालकक्षासहित शैक्षिक सत्र २०८२ को विद्यार्थी सङ्ख्या ४८ जना छ । प्रधानाध्यापक दिनेश बोगटीका अनुसार कक्षा १ र ३ मा विद्यार्थी सङ्ख्या शून्य छ । कक्षा ४ सम्मको पठनपाठन हुने बेनी नगरपालिका-१ लामगरामा रहेको युवावर्ष आधारभूत विद्यालयको २, ३ र ४ कक्षामा नयाँ शैक्षिक सत्र २०८२ मा भर्ना हुन आउने विद्यार्थीको सङ्ख्या शून्य छ । चार शिक्षक र कर्मचारी भएको उक्त विद्यालयको बाल कक्षामा चार र कक्षा १ मा तीन जना विद्यार्थी छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भविराम थापाका अनुसार २०४१ सालमा स्थापना भएको युवावर्ष आधारभूतमा दशक अघिसम्म एक सय जनासम्म विद्यार्थी हुन्थे । बेनी नगरपालिका-२ खबराको हंशबाहिनी आधारभूत विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको सङ्ख्या बराबर छ । दुई जना दरबन्दीका शिक्षक, एक-एक जना बाल विकास सहयोगी र कार्यालय सहयोगी रहेको विद्यालयमा विद्यार्थी सङ्ख्या चार छ । कक्षा ३ सम्म पठनपाठनको अनुमति पाएको विद्यालयको कक्षा २ मा एक जना पनि विद्यार्थी छैनन् । बाल कक्षामा दुई, कक्षा १ र ३ मा एक-एक जना विद्यार्थी छन् । प्रअ सरस्वती नेपालीका अनुसार २०८० सालसम्म ७ कक्षासम्मको पठनपाठन भएको विद्यालयमा विद्यार्थी सङ्ख्या ५१ जना थियो । गत शैक्षिक सत्र २०८१ को सुरुमा २२ विद्यार्थी भएको विद्यालयमा बर्खे बिदापछि ११ जनाले विद्यालय परिवर्तन गरे । भानु मावि, युवावर्ष, हंशबाहिनी, जगन्नाथ र ओखले आधारभूत विद्यार्थी अभावको समस्या झेलिरहेका बेनी नगरपालिकाको ग्रामीण क्षेत्रका विद्यालयका उदाहरण हुन् । सुविधायुक्त भवन, दरबन्दीअनुसार स्थायी शिक्षक, विज्ञान, कम्प्युटर प्रयोगशाला र पुस्तकालय भएका सदरमुकाम बेनी बजार आसपासका सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या बर्सेनि घट्दो छ । जन्मदर घट्नु, बसाइँसराइ बढ्नु, सडक यातायातको सुविधासँगै निजी विद्यालयले गाउँगाउँमा गाडी पठाएर विद्यार्थी ओसार्नु, सामुदायिक विद्यालयले अभिभावकको विश्वास जित्न नसक्नु, निजी विद्यालय र अङ्ग्रेजी माध्यमप्रतिको मोह, सामुदायिक विद्यालयमा बढ्दो राजनीतिक हस्तक्षेप, शिक्षक जिम्मेवार नबन्नु र अगुवा तथा समाजको बेवास्ताका कारण सामुदायिक विद्यालय विद्यार्थीविहीन हुने अवस्था आएको बेनी नगरपालिकाको शिक्षा शाखाका उपसचिव क्षेत्रबहादुर भण्डारीले बताए । बेनी नगरपालिकामा ११ वटा संस्थागत र ५३ वटा सामुदायिक विद्यालय छन् । शैक्षिक अभिलेख प्रणालीको तथ्याङ्कअनुसार बेनीका विद्यालयमा पछिल्लो तीन वर्षयता भर्ना हुने विद्यार्थीको सङ्ख्या घट्दो छ । शैक्षिक सत्र २०८० मा १० हजार ८२५ विद्यार्थी रहेकामा शैक्षिक सत्र २०८१ मा यो सङ्ख्या घटेर १० हजार ५५० मा झर्‍यो । विद्यार्थी सङ्ख्या बढेपछि विद्यालय पुन: स्थापना र शिक्षक व्यवस्थापन गर्ने नीति लिएको नगरप्रमुख केसीले बताए । गत वर्ष तह घटुवा भएको बेनी नगरपालिका-५ को सेतोढुङ्गा आधारभूत विद्यालयमा यो वर्ष विद्यार्थी सङ्ख्या बढेकाले शिक्षक थप गर्न लागिएको नगरपालिकाले जनाएको छ । सामुदायिक विद्यालयप्रति विश्वास र आकर्षण बढाउन शिक्षकलाई जिम्मेवार बनाउने, क्षमता विकास, प्रोत्साहन, शिक्षण विधिमा प्रविधिको प्रयोग र विद्यार्थीमैत्री शिक्षण विधि अपनाउने, अभिभावकमा जागरण ल्याउने, समुदाय र अभिभावकको सुझावका आधारमा शैक्षिक गतिविधि सञ्चालन गर्दै शैक्षिक गुणस्तर सुधार्न आवश्यक देखिन्छ । आवासीय विद्यालय सञ्चालन र विद्यालय समायोजन पनि थप विकल्प हुनसक्ने सरोकारवाला बताउँछन् ।

*-रासस*

# शिक्षक र विद्यार्थीको नि:शुल्क आँखा परीक्षण



**पाल्पा,** साउन १८/तानसेनमा सञ्चालित मोहन कन्या माविका शिक्षक र विद्यार्थीहरुको नि:शुल्क आँखा परीक्षण गरिएको छ । विद्यालयको हिरक महोत्सवको अवसरमा पूर्व शिक्षक गंगालाल श्रेष्ठको व्यवस्थापन र पाल्पा लायन्स लाकौल आँखा अस्पतालको प्राविधिक सहयोगमा शिक्षक, विद्यार्थीहरुको आँखा परीक्षण गरिएको हो ।

पूर्व शिक्षक श्रेष्ठले स्व. श्रीमति दुर्गा श्रेष्ठको स्मृतिमा शिविरको व्यवस्थापन गरेका हुन् । उनले आफुले लामो समय विद्यालयमा बिताएको र विद्यालयका लागि केही गरौं भन्ने भावना जागृत भएकोले बेला बेलामा सक्दो सहयोग गर्दै आएको बताए । उनले भने "विद्यालयले अहिले हीरक महोत्सव मनाइरहेको छ । यो अवसरमा विद्यार्थी र शिक्षकहरुको आँखा परीक्षण गर्न पाए राम्रै हुन्थ्यो भन्ने लागेर स्व. श्रीमतिको स्मृतिमा आँखा शिविर गरिएको हो ।" श्रेष्ठले विद्यालयमा एक लाख बराबरको छात्रवृत्ति समेत स्थापना गरिदिएका छन् । शिविरमा कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने ३ सय जना विद्यार्थी र शिक्षकको आँखा परीक्षण विद्यालयका प्रअ दीपक ज्ञवालीले बताए । उनले भने "आँखा शिविरबाट शिक्षक, विद्यार्थीहरू लाभान्वित भएका छन् । यस्तो पुण्य कार्यको लागि सौजन्य गर्नुभएका पूर्व शिक्षक गंगालाल श्रेष्ठलाई धन्यवाद दिन चाहन्छु ।" विद्यालयले विभिन्न कार्यक्रम गरी अहिले हिरक महोत्सव मनाई रहेको छ । पश्चिम क्षेत्रकै एक मात्र प्राविधिक कन्या स्कुलको रुपमा यो विद्यालय स्थापना भएको थियो । कन्याहरुलाई व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिक र नैतिक मूल्य बोध गराउने शिक्षाको मान्यता राखी स्थापना भएको स्कूलले अहिले बुढ्यौली यात्रा तय गरेको छ । शैक्षिक धरोहरको रुपमा रहेको यस विद्यालयमा गुल्मी, अर्घाखाँची, पाल्पा, रुपन्देही लगायत जिल्लाका छात्रा (कन्या) हरु यस विद्यालयमा अध्ययन गर्ने गर्दछन् ।

# शिक्षक संघको तिज विशेष कार्यक्रम




**पाल्पा,** साउन १८/नेपाल शिक्षक संघ महिला विभाग पाल्पाले तिज विशेष कार्यक्रम गरेको छ । विभागले तानसेनमा तिज मिलन तथा शुभकामना आदान-प्रदान गरी तिज विशेष कार्यक्रम गरेको हो ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल शिक्षक संघका संघीय उपाध्यक्ष दिपक ज्ञावलीले शिक्षकहरुको हकहितका लागि शिक्षकहरु धेरै पटक आन्दोलनमा हुमिनु परेको स्मरण गर्दै जस्तोसुकै अवस्था भए पनि शिक्षा विधेयक ल्याउन नेपाल शिक्षक संघ , नेपाल शिक्षक महासंघ लागि परेको बताए । नेपाल शिक्षक संघका जिल्ला अध्यक्ष लक्ष्मण बस्यालले पाल्पाका शिक्षकहरु जहिले पनि उदाहरणीय काम गरेको औल्याउदै अहिले पनि भाषा कला,सस्कृतिको जगेर्ना गर्दै महिलाहरूले जनचेतना जगाउने खालका सन्देशमुलक गीतहरु सिर्जना गर्ने गरेको बताए । संघ पूर्व अध्यक्ष धनकला गाहाले परम्परागत तिज गीत र अहिले बजारमा आएका तिजको तुलना गर्दै अचेल तिज भड्किलो बन्दै गएको अवस्थामा शिक्षक संघ महिला विभागले गरेको सिर्जनात्मक कार्यक्रम अनुकरणीय रहेको बताइन् । संघका सल्लाहकार महेन्द्र थापा, नेपाल शिक्षक संघका नौ वटा पालिका अध्यक्ष लगायतले हरितालिका तिजको शुभकामना दिएका थिए । कार्यक्रम नेपाल शिक्षक संघका जिल्ला उपाध्यक्ष एव महिला विभाग प्रमुख धना रानाको अध्यक्षता, संघको नगर कमिटी अध्यक्ष केशरी बस्नेतको स्वागत, नगर कमिटी सह-सचिव मञ्जु पोखेलको सञ्चालनमा कार्यक्रम भएको थियो । कार्यक्रममा सहभागी शिक्षकहरुले मौलिक भाकामा शिक्षा निति, शिक्षा विधेयक, सरकार र विकृति विसंगतिका विरुद्धमा सशक्त तिज गीतहरु प्रस्तुत ष्रेका थिए ।

# नेपाल बाल संगठन पाल्पाको सभापतिमा पुन: अर्याल



**पाल्पा,** साउन १८/नेपाल बाल संगठन पाल्पाको सभापतिमा सोमनाथ अर्याल पुन: निर्विरोध निर्वाचित भएका छन् । संगठनको तानसेनमा भएको १३ औं जिल्लाले अर्याललाई पुन: अध्यक्षमा चयन गरेको हो ।

जसको सदस्यहरुमा गोविन्द नेपाल, नविन थापा, राजेन्द्र लिगल, ढकेश्वर बस्याल, शिव कुमारी गाहा, रामप्रसाद तिमिल्सिना र मञ्जु विक रहेका छन् । थप मनोनित सदस्य र पदाधिकारी पहिलो बैठकले चयन गर्ने सभापति अर्यालले जानकारी दिए । अधिवेशनको वरिष्ठ पत्रकार तथा प्रेस स्वतन्त्रता सेनानी मेघराज शर्माले उद्घाटन गरेका हुन् । अधिवेशनको उद्घाटन गर्दै प्रमुख अतिथि शर्माले सिमित स्रोत साधनबाट सञ्चालित बालमन्दिरलाई नयाँ कार्यसमितिले चलायमान बनाउनुपर्ने बताए । उनले बाल संगठनले शिक्षासँगै बाल अधिकार संरक्षणमा समेत ध्यान दिन नयाँ कार्यसमितिलाई आग्रह गरे । कार्यक्रममा नेपाल शिक्षक संघगठन पाल्पाका अध्यक्ष हिरा आचार्य, बालमन्दिर प्राथमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिवप्रसाद बस्याल, निर्वाचन समितिका अधिकृत अधिवक्ता विनोद कार्की , विद्यालयका प्रधानाध्यापक पार्वती पौडेल, नेपाल पत्रकार महासंघ पाल्पाका निवर्तमान अध्यक्ष रेखीराम राना लगायतले अधिवेशन सफलताको शुभकामना व्यक्त गरेका थिए । सभापति सोमनाथ अर्यालले संगठनको वार्षिक प्रतिवेदन र सचिव नविन थापाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रम संगठनका सभापति अर्यालको अध्यक्षता, उपाध्यक्ष गोविन्द नेपालको स्वागत , सचिव नविन थापाको सञ्चालनमा भएको थियो ।

## खेलकुद समाचार

# दोस्रो टी-२० मा वेस्ट इन्डिज २ विकेटले विजयी



**काठमाडौं,**साउन १८/पाकिस्तानसँगको दोस्रो टी-२० खेलमा वेस्ट इन्डिज दुई विकेटले विजयी भएको छ । यो जीतसँगै तीन खेलको टी-२० शृङ्खला १-१ को बराबरी भएको छ । पाकिस्तनले दिएको एक सय ३४ रनको लक्ष्य पछ्याएको वेस्ट इन्डिजले अन्तिम ओभरको अन्तिम बलमा आठ विकेट गुमाएर भेटायो । वेस्ट इन्डिजका गुडाकेश मोतीले २८ र कप्तान शाई होपले २१ रन बनाए । पाकिस्तानका मोहम्मद नवाजले तीन, सुफियान मुकीम दुई तथा साइम अयुब र शाहीन शाह अफ्रिदीले समान एक विकेट लिए । त्यसअघि लाउडरहिलमा टस जितेर ब्याटिङ गरेको पाकिस्तानले नौ विकेट गुमाएर एक सय ३३ रन बनाएको थियो । पाकिस्तानका हसन नवाजले ४० र कप्तान सलमान आगाले ३८ रनले बनाए । वेस्ट इन्डिजका जेसन होल्डरले चार, गुडाकेश मोतीले दुई तथा अकेल होसेन, रोस्टन चेस, र शमर जोसेफले समान एक विकेट लिए । टी-२० शृङ्खला अन्तर्गत तेश्रो तथा अन्तिम खेल भोलि हुनेछ । वेस्ट इन्डिज र पाकिस्तानबीच तीन खेलको एकदिवसीय श्रृंखला आउँदो शुक्रवार अर्थात् अगस्ट ९ तारिखदेखि शुरु हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा गिरावट कायमै



**पाल्पा,** साउन १८/साताको पहिलो कारोबार दिन आइतबार पनि सेयर कारोबार मापक नेप्से परिसूचक घटेको छ । गत बुधबारयता ओरालो लागेको नेप्से आइतबार पनि रोकिएन ।

नेप्से आइतबार ६३ दशमलव ७३ अंकले घटेको छ । गत बुधबार ४७ दशमलव ९३ र बिहीबार ३१ दशमलव ५० अंकले घटेको थियो । नेप्से २ दशमलव १८ प्रतिशतले घटेर २ हजार ८ सय ५८ दशमलव ९० विन्दुमा ओर्लिएको छ । यो दुई दशमलव १८ प्रतिशतको गिरावट हो । सो अवधिमा ३ सय १९ कम्पनीको तीन करोड २२ लाख ६० हजार ३ सय ४१ कित्ता शेयर एक लाख ५२ हजार ५ सय १८ पटक खरिदबिक्री हुँदा १३ अर्ब सात करोड ५० लाख बराबरको कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी लघुवित्त समूह तीन दशमलव शून्य पाँच, बैंकिङ दुई दशमलव २७, लगानी दुई दशमलव १९, जीवन बिमा दुई दशमलव १६ र उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ४३ प्रतिशतले घटेको छ । विकास बैंक एक दशमलव ६६, वित्त एक दशमलव ६६, होटल तथा पर्यटन एक दशमलव १७, जलविद्युत् एक दशमलव ३०, म्युचुअल फण्ड एक, निर्जीवन बिमा एक दशमलव ७३ र व्यापार एक दशमलव ४३ प्रतिशतले घटेको छ । कारोबारमा ट्रेड टावर लिमिटेड र शिवश्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सान्भी इनर्जी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको ७५ करोड ३९ लाख ६४ हजार ८६५ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सनराईज ब्लुचिप फण्डको सबैभन्दा बढी १२ लाख ४९ हजार ४१६ कित्ता शेयर खरिदबिक्री भएको छ ।

# समस्यामा तानसेनका...

...खानपिनको लागि दैनिक सहयोग जुटिरहे पनि आगामी एक बर्ष पछि भवन करार सम्झौता सकिने र अन्य स्थानमा भाडा तिरेर आश्रम सञ्चालन गर्न सकिने अवस्था नरहेकोले तानसेन नगरपालिकाले जग्गा व्यबस्थापन गरिदिनुपर्नेमा संयोजक गंगोलले आग्रह गरे। अनुगमन टोलीले पाल्पा तानसेन -२ मा रहेको सिविरआरमा सञ्चालित डे केयर सेन्टर, तथा सेभ हाउसको पनि अवलोकन गरेको छ । डे केयरमार्फत करीव २० जना अपाङ्ग बालबालिकाहरु पुर्नस्थापना कार्यक्रममा सहभागी हुँदै आएका छन् । घर भिजिटमार्फत ८४ जना अपाङ्ग बालबालिकाहरुलाई फिजियो थेरापी सेवा प्रदान गर्दै आएको पाल्पा सिविआर डे केयरका संयोजक कृष्ण गहतराजले बताए । यहाँ आउने बालबालिकाहरुलाई संस्थाकै सवारी साधनबाट घरबाट ल्याउने, दिनभरी खेल्ने, खेलाउने, फिजियो थेरापी गराउने, पढ्ने पढाउन र घरसम्म लैजाने काम गर्दै आएको संयोजक गहतराजले बताए । टोलीले अस्थायी सुरक्षित आवास गृहको पनि अनुगमन गरेको छ । सुरक्षित आवास गृहमा काम गर्ने कर्मचारीलाई नेपाल सरकारको मापदण्ड भन्दा निकै कम सात/आठ हजारमा काम गराउनु परेको उनले बताए । अनुगमनमा सहभागी कार्यालयहरुले जिल्ला प्रशासनको अगुवाईमा आवश्यक सहयोग र समन्वय गर्ने निर्णय भएको प्रजिअ सुवदीले बताए । ३ वटा संस्थालाई तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले चामल, तेल लगायका खाद्यान्य सहयोग गरेका थिए । तानसेनमा विभिन्न संघ संस्थाबाट सञ्चालित बालगृह, बृद्धाआश्रम, अपाङ्ग बालबालिका पुर्नस्थापना केन्द्र तथा अस्थायी सुरक्षित आवास गृहको अवस्था, उनीहरुलाई परेको समस्या, सरकारी तवरबाट गर्नुपर्ने सहयोग र समन्वय, सहकार्यको बारेमा जानकारी लिएको र सोही अनुसारको सहयोगको समन्वय र सहकार्य गरिने प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले प्रतिवद्धता जनाएका छन् । उनले भने "राज्यले गर्नुपर्ने काम विभिन्न सामाजिक संघ संस्थाबाट भएका छन् । यस्ता संघसंस्थालाई जिल्लाका सरकारी कार्यालयले आवश्यक सहयोग र समन्वय र सहकार्य गरेर अझ हौसला प्रदान गर्नको लागि अनुगमनको कार्यक्रम राखिएको हो ।" अनुगमनमा जिल्ला प्रशासन कार्यालय, तानसेन नगरपालिका, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, शसस्त्र प्रहरी वल, नेपाली सेना दि फेमस महिन्द्र दल गण, स्वास्थ्य कार्यालय पाल्पा, पाल्पा अस्पताल, जिल्ला शिक्षा तथा समन्वय ईकाई, पाल्पा उद्योग वाणिज्य संघ, पाल्पा व्यापार संघ, नेपाल पत्रकार महासंघ लगायतका संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई